के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज ३ गते मंगलबार ❑ 20 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पर्यटन क्षेत्रका समस्या समाधानमा सरकार प्रतिबद्ध : मुख्यमन्त्री पाण्डे

**रासस**
काठमाडौं, २ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटन क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकार प्रतिबद्ध भएको बताउनुभएको छ ।

गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयद्वारा मंगलबार पोखरामा आयोजित 'पर्यटन व्यवसायीहरूसँग पर्यटकीय सम्भावना, अवसर र चुनौती' विषयक अन्तरक्रियामा उहाँले प्रदेशका पर्यटकीय सम्भावनालाई उजागर गर्दै देखिएका समस्याहरू सम्बद्ध पक्षसँग सहकार्य गर्दै समाधान गरिने बताउनुभयो ।

प्रदेशभित्रका केही स्थललाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने बताउँदै मुख्यमन्त्री पाण्डेले पदमार्ग क्षेत्रको संरक्षणसँगै नयाँ पदमार्गहरू खोजिनुपर्नेमा जोड दिनुभयो । पोखराबाट सबै प्रदेशमा हवाई सञ्जाल जोड्ने कुरालाई प्राथमिकतामा राखिएको बताउँदै उहाँले पृथ्वीराजमार्गको सडक निर्माणमा भइरहेको ढिलाइ सम्बन्धमा पनि सम्बद्ध निकायसँग निरन्तर छलफल गरिरहेको बताउनुभयो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन सम्बन्धमा आफूले निरन्तर प्रधानमन्त्रीसँग छलफल गरिरहेको बताउँदै उहाँले यस सम्बन्धमा चाँडै नै सकारात्मक सङ्केत आउने विश्वास व्यक्त गर्नुभयो । पर्यटकीय क्षेत्रमा राति पनि बजार खोल्ने सम्बन्धमा आफू सकारात्मक भएको बताउँदै उहाँले यस सम्बन्धमा सम्बद्ध पक्षसँग छलफल गरी निष्कर्षमा पुग्न सकिने भनाइ राख्नुभयो ।

गण्डकी प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले पर्यटनमा गुणस्तरीयतालाई जोड दिनुपर्ने बताउनुभयो । गण्डकी प्रदेश सरकारले तयार गर्न लागेको दोस्रो पञ्चवर्षीय योजनामा समेटिनुपर्ने विषयलाई जानकारी गराउन उहाँले सबैसँग आग्रह गर्नुभयो ।

आयोगले अनलाइनबाट सुझाव प्रस्तुत गर्न सक्ने व्यवस्था मिलाएको बताउँदै उहाँले प्राप्त सुझावका आधारमा पटक-पटक छलफल गरी पञ्चवर्षीय योजनालाई अन्तिम रुप दिइने उहाँको भनाइ छ । साहसिक पर्यटनको विकासका साथै सडक, बाटोघाटो तथा पूर्वाधार सरकारको प्राथमिकतामा रहेको उहाँले बताउनुभयो ।

नेपाल पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटाले दिगो पर्यटनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो । पर्यटन क्षेत्रमा जनशक्तिको अभाव समस्या रहेको बताउँदै उहाँले पोखरा आउने बाटोघाटोलगायतका कारण पनि यहाँको पर्यटन प्रभावित बनेको बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले कोभिड, आर्थिक मन्दीलगायतका कारण प्रभावित पर्यटनको पुनरुत्थान अहिलेको आवश्यकता भएको धारणा राख्नुभयो । पर्यटकको आगमन वृद्धि गर्नु जरुरी रहेको बताउँदै उहाँले भारतीय पाँच सय रुपैयाँ दरको नोट सटही नहुँदा भारतीय पर्यटकको आगमन प्रभावित बनेको बताउनुभयो । पोखरा अन्तर र्राष्ट्रिय विमानस्थलबाट अन्तर र्राष्ट्रिय उडान सुरु हुनुपर्ने बताउँदै उहाँले नेपाल एयरलाइन्सबाट उडान सुरु गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष सोमबहादुर थापा, टान गण्डकीका अध्यक्ष धर्मराज पन्थी, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारी, गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) का अध्यक्ष उदय सुवेदी, पर्यटन मजदुर शालिकराम तिमल्सिना, लक्ष्मण सुवेदी, वासु त्रिपाठी, कमल पौडेल (अथक) लगायतले सरकारको अनुभूति हुने गरी पर्यटन क्षेत्रको विकासमा लाग्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

## एमाले गण्डकीको संविधान निर्माणमा सुबासचन्द्र नेम्बाङ बिषयक बिचार गोष्ठी

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज



ने क पा ( एमाले ) गण्डकी प्रदेश कमिटीको आयोजनामा 'नेपालको संविधान निर्माणमा सुबासचन्द्र नेम्बाङ' बिषयक बिचार गोष्ठी सम्पन्न भएको छ ।

पार्टी उपाध्यक्ष अस्टलक्ष्मी शाक्यले सुबास नेम्बाङसंग सबैलाइ मिलाउन सक्ने खुबीका कारण नै तत्कालिन अबस्थामा संविधान जारी हुन सकेको बताउनुभयो । शाक्यको प्रभावशाली शालिन शैली सबैका लागि अनुकरणीय रहेको उल्लेख गर्नुभयो । पार्टी सचिब तथा गण्डकी इन्चार्ज गोकर्ण बिष्टले संविधान सभाको असहमतिका दर्जनौं बुदालाइ सहमतिमा परिणत गर्दै सर्बस्विकार्य समाधान निकाल्ने संयम धैर्य ब्यक्तित्व सुबास नेम्बाङ भएको उल्लेख गर्नु भयो । पार्टी भित्रका र अन्तर पार्टीका द्वन्द्वलाई सोच बिचार गरेर समाधान निकाल्ने नेम्बाङको शैलिकै कारण संविधान संभब भएको बताउनुभयो ।

एमालेबाट सभामुख र अध्यक्ष भए पनि सम्सदिय मर्यादा र शैलिलाइ उहाँले कहिल्यै नकुल्चेको भन्दै इतिहासमा गौरव गर्न लायक नेता भएको उल्लेख गर्नुभयो । एमाले स्थायी कमिटी सदस्य किरण गुरुङले नेम्बाङ नेपाली राजनितीको समाधान भएको भन्दै भद्र ,मिजासिलो नेता भएको उल्लेख गर्नुभयो । गुरुङले सार्थक कुशल बहसमार्फत प्रभाबकारी नेतृत्व प्रदान गर्ने ब्यक्ति भएको भन्दै उहाँको नेतृत्व नभएको भए संविधान जारी नहुने ठोकुवा गर्नुभयो । कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य खगराज अधिकारीले समग्र पार्टीहरूको लागि चित्तबुझ्दो उपाय खोज्न सक्ने अदित्तिय क्षमता नेम्बाङसंग भएको उल्लेख गर्नुभयो । अधिकारीले सूक्ष्म ब्यबस्थापकिय कौशल भएका नेम्वाङका कारण नै संविधान संभब भएको दाबी गर्नुभयो । सो कार्यक्रममा स्थायी कमिटी सदस्य थममाया थापा, गण्डकी प्रदेश सरकारका कृषी मन्त्री महेन्द्रध्वज जि.सि., ने क पा माओबादी केन्द्रका पोलिट्ब्युरो सदस्य तथा संविधान सभा सदस्य राजकाजी गुरुङ लगायतले नेपालको संविधान निर्माणमा सुबासचन्द्र नेम्बाङको योगदान बिषयमा चर्चा गर्नुभएको थियो । एमाले गण्डकी प्रदेस कमिटी अध्यक्ष नवराज शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष मोहन रेग्मी र संचालन सचिब धनन्जय दवाडीले गर्नु भएको उप सचिब रश्मि आचार्यले जानकारी दिनुभयो ।

## एमाले गण्डकीको प्रथम अधिबेशनको लोगो सार्बजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज



ने क पा ( एमाले) गण्डकी प्रदेश कमिटीले यहि असोज १५ र १६ गते पोखरामा आयोजना हुने प्रथम ऐतिहासिक अधिबेशनको लोगो मंगलबार सार्बजनिक गरेको छ ।

अधिबेशन प्रचार प्रसार समितिले पत्रकार भेटघाट कार्यक्रम आयोजना गरेर लोगो सार्बजनिक गरेको हो । लोगो सार्बजनिक गर्दै एमाले सचिब तथा गण्डकी प्रदेश इन्चार्ज गोकर्ण बिष्टले अधिबेसनलाइ ऐतिहासिक बनाउन भएका तयारीहरूको बारेमा जानकारी दिनुभयो । बैठकले अधिबेशनलाई सभ्य र भब्यरूपले सम्पन्न गर्न विभिन्न विभिन्न वटा उप समिति मार्फत ससक्त ढंगले तयारी अगाडि बढाइएको प्रचार तथा प्रसार उप समिति सदस्य रामजी प्रसाद लम्सालले जानकारी दिनुभयो। प्रदेश कमिटी अध्यक्ष नवराज शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अधिबेशन प्रचार प्रसार समिति संयोजक तथा प्रदेश कमिटीका उप सचिब रश्मि आचार्यले संचालन गर्नु भएको थियो । अधिबेशनमा करिब ९०० जना प्रतिनिधि सहभागी हुने र असोज ९ गते प्रतिनिधि चयन हुने जानकारी अध्यक्ष नबराज शर्माले जानकारी दिनुभयो । ने क पा (एमाले) गण्डकीको प्रथम अधिबेशनमको पार्टी अध्यक्ष के पि शर्मा ओलिले असोज १५ गते अमरसिंह चौरमा उद्धाटन गर्ने कार्यक्रम रहेको छ ।

## संविधानको भावनालाई जनजीवनमा महशुस हुनेगरी कार्यान्वयन गर्नुपर्छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

संविधानको भावनलाई जनजीवनमा महशुस हुनेगरी कार्यान्वयन गर्नुपर्ने गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताउनुभएको छ ।

संविधान दिवसको अवसरमा शुभकामना दिनुहुँदै उहाँले संविधानको भावनालाई जनताको जीवनमा महशुस हुनेगरी कार्यान्वयन गर्न प्रदेश सरकार प्रयत्नशिल रहेको बताउनुभयो । यसकालागि संघीय र स्थानीय सरकारसँग निरन्तर सहकार्यको जरुरी रहेको उहाँको भनाई छ ।

संविधानको संरक्षण र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ गर्दै गण्डकी प्रदेश र सिङ्गो मुलुकलाई आर्थिक विकासको मार्गमा अग्रसर गराउनु आजको आवश्यकता रहेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो ।

मुलुकको अग्रगामी परिवर्तनकालागि जीवन उत्सर्ग गर्ने शहीदहरुप्रति श्रद्धान्जली अर्पण गर्नुभएको छ । 'लोकतान्त्रिक शासन प्रणाली स्थापना गर्न विभिन्न कालखण्डमा भएका संघर्षहरुमा शारीरिक, भौतिक, आर्थिक र मनोवैज्ञानिक क्षति व्यहोर्नुभएका व्यक्तिहरु, राजनीतिक दलका नेतृत्व, नागरिक समाजका ब्यक्तिहरु प्रति उच्च सम्मान सहित स्मरण गर्दछु' मुख्यमन्त्रीद्धारा जारी शुभकामना सन्देशमा भनिएको छ । नेपाली जनताको लामो संघर्ष र बलिदानपछि वि.सं. २०७२ असोज ३ गते आजकै दिन संविधान सभाबाट 'नेपालको संविधान २०७२' घोषणा भएको थियो । यस संविधानले नेपालको राष्ट्रिय सार्वभौमसत्ता नेपाली जनतामा निहित भएको छ र जनता राज्यशक्तिको स्रोत भएका छन् । वर्तमान संविधानले निरङ्कुश र केन्द्रिकृत राज्य व्यवस्थाद्धारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो ।

## संविधान संशोधन गर्न हतार गर्न हुन्न : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २ असोज


नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले संविधान संशोधन गर्न हतार गर्नुपर्ने अवस्था नआएको बताउनुभएको छ ।

संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको स्मृतिमा एमालेद्वारा मंगलबार आयोजित 'सुवास र संविधान' विषयक प्रवचन कार्यक्रममा उहाँले नेपाली जनताभन्दा पनि बाह्यशक्तिको चलखेल देखिएकाले तत्काल संविधान संशोधन गरिहाल्नुपर्ने अवस्था नरहेको बताउनुभयो ।

"गम्भीरताभन्दा बढी भावना, आफ्नै विचारभन्दा प्रायोजित कुराकुराबाट दबाब दिने प्रवृत्ति र अनेक खालका बेठीक उद्देश्य देखिएकाले तत्काल समुचित ढङ्गले संविधान संशोधन गर्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्न फेरि गम्भीर रहेको छ । त्यसकारण यसका कुनै हतारो नै गरिहाल्नुपर्ने अवस्था आएको छैन", उहाँले भन्नुभयो ।

उहाँले बडो दुःखले बलिदानपूर्ण लामो सङ्घर्षपछि हामीले आफैँले निर्माण गरेको संविधान सबैले मान्नुपर्ने भनाइ राख्नुभयो । अध्यक्ष ओलीले संविधान सर्व स्वीकार्य बनोस् भनेर दुई पटक संशोधन गरिसकेको भन्दै अहिले पनि व्यावहारिक बनाउनका लागि आवश्यकअनुसार संशोधन गर्न सकिने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "संविधान कार्यान्वयनका क्रममा देखापरेका, नमिल्दा खालका, व्यवहारमा परिवर्तन आवश्यक देखिएका त्यस्ता विषय परिवर्तन गर्दै लैजानुपर्दछ ।"संविधानको विरोध गर्ने र संविधानको समर्थन गरेपछि संशोधन हुन सक्दैन भन्ने दुवै कुरा ठीक नभएको उहाँले बताउनुभयो । आधारभूत गुणमा कतै खोट नभएको व्यक्ति सुवास नेम्वाङ रहेको भन्दै उहाँले अवसर र जिम्मेवारी पाउँदा सफलतापूर्वक काम गरेको उल्लेख गर्नुभयो । नेम्वाङले पुनःस्थापित प्रतिनिधिसभाको सभामुखको भूमिका असाधारण खेलेको भन्दै सोही संसद्ले थुप्रै युगान्तकारी निर्णय

बाँकी अन्तिम पृष्ठमा ▶▶



# गण्डकीलाई लामाचौर कप

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज



घरेलु टिम गण्डकी प्रदेशले लामाचौर कप भलिबल प्रतियोगितामा पुरुषतर्फको उपाधि जितेको छ।

मंगलबार फाइनलमा विभागीय नेपाल पुलिस क्लबलाई ३-२ सेटमा हराउँदै गण्डकीले उपाधिसहित १ लाख ५० हजार, शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गऱ्यो । गत वर्ष पनि यी दुवै टिम फाइनल पुगेकोमा लगातार वर्षाले खेल रोकिएपछि पुरस्कार बाँडेर लिएका थिए । लाइट प्रोटेस्टका कारण सोमबारको फाइनल १-१ सेटको बराबरीपछि मंगलबारका लागि सरेको थियो । लामाचौर स्थित इन्द्रराज्यलक्ष्मी मावि परिसर भलिबल कोर्टमा भएको फाइनलमा पहिलो सेट २५-२३ ले जित्दै अग्रता लिएको पुलिसले दोस्रो सेट भने गुमाउन पुग्यो । गण्डकी २५-१९ ले जितेर बराबरी खेल्यो । तेस्रो सेट भने पुलिसले आफ्नो पक्षमा पाऱ्यो । उसले २५-२१ मा जिते पनि पछिल्ला २ सेट गुमाउँदा उपाधिबाट वञ्चित बनेको हो । चौंथो सेट जितेर उपाधि जित्ने दाउमा रहेको पुलिसले २३-२० को स्थितिको लय गुमाउँदै गण्डकीलाई जित सुम्पेको हो । अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा गण्डकीले २८-२६ मा चौंथो सेट जित्नुका साथै अन्तिम सेट भने सहज १५-११ मा कब्जा जमायो । उपविजेता पुलिसले पुरस्कारस्वरुप १ लाख प्राप्त गरेको छ । सशस्त्र प्रहरी बलको एपिएफ क्लब तेस्रो हुँदै ५० हजार पुरस्कार पायो ।

प्रतियोगितामा गण्डकीका रवि केसी सर्वोत्कृष्ट खेलाडी घोषित भए । यस्तै गण्डकीका हरि पाण्डे (वेस्ट ब्लकर), किरण गुरुङ (वेस्ट स्पाइकर) र रमेश केसी (वेस्ट कोच) बने । पुलिसका कुलबहादुर थापा (वेस्ट सर्भर), अभिषेक थापा (वेस्ट सेटर) र भीम गाहा (वेस्ट लिबेरो) घोषित भएको रेफ्री टहलसिंह थापाले बताए । पुरुषतर्फ उपविजेतामा सीमित भए पनि नेपाल पुलिस क्लबले सोमबार महिलातर्फको उपाधि जितेको थियो । फाइनलमा चन्द्रागिरी नगरपालिका न्यु डायमण्डलाई ३-१ सेटमा हराउँदै उपाधि जितेको हो । लिग चरणका सबै खेलमा अपराजित यात्रा कायम गरेको पुलिसले डायमण्डमाथि फाइनलमा १८–२५, २५–२२, २५–१४ र २५–२० सेटको जित निकाल्दै १ लाख ५० हजार पुरस्कार प्राप्त गरेको छ । उपविजेताले १ लाख पायो । गत वर्ष पनि नेपाल पुलिसले न्यु डायमण्ड एकेडेमीलाई फाइनलमा सोझो सेटमा पराजित गर्दै उपाधि रक्षा गरेको थियो ।

नवआदर्श सामुदायिक विकास समाजको आयोजनामा २५ औं संस्करणको लामाचौर तीज महोत्सव अन्तर्गत १० औं संस्करणको लामाचौर कपमा महिलातर्फ ४ र पुरुषतर्फ ५ टिमले भाग लिएको प्रचार संयोजक दिनेश भण्डारीले बताए । गत वर्षदेखि पुरुषतर्फ स्पर्धा थप भएको हो । आयोजक संस्थाका अध्यक्ष स्वागतसिंह भण्डारीले लामाचौर महोत्सव सफल पार्न सहयोग गर्ने सम्पूर्णमा आभार व्यक्त गरे ।

# वागमारा युवा संगम समुहको तिज गीत प्रतियोगितामा कालिका तोरीचौर महिला समुह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज



नेपाली महिलाहरुको महान पर्वजको अवसरमा पोखरा महानगर पालिका वडा नं ३३ को पानीटंकी स्थित राखिएको ७ औं तिज महोत्सव तथा खुल्ला जुनियर पुरुष भलिवल प्रतियोगिताकमा कालिका तोरीचौर महिला समुहले प्रथम स्थान हासिल गरेको छ भने जुनियर पुरुष भलिवल प्रतियोगिताकमा मनियाल डांडाको भलिवल टिमले जित हात पारेको छ ।

हरेक वर्ष जस्तै यस पनि समाजमा विक्रिती र विसंगतीका विरुद्ध जनचेतना मुलक गीतका माध्यबाट सकरात्म सन्देश दिने उदेस्यका साथ आयोजना भएको ७ औं तिज महोत्सव तथा खुल्ला जुनियर पुरुष भलिवल प्रतियोगिता गण्डकी प्रदेश प्रहरी प्रमुख बुद्धिराज गुरुङले समुद्धाटन गरे । उनले नेपाली कला संस्कृति संरक्षणमा जोड दिँदै वागमारा युवा संगम समुहले निरन्तररुपमा आयोजना गर्दै आएको महोत्सवको सफलताको शुभकामना दिए । उनले रीतिरिवाज र पहिचान कसैले पनि तोड्न नहुने भन्दै यसखालका मेला महोत्सवले आर्थिक गतिविधि चलायमानमा टेवा मिल्ने बताए । संविधानले निर्दिष्ट गरेका महिलाको हक अधिकार प्राप्तिमा आफूले सक्दो पहल गर्ने उनको प्रतिबद्धता थियो ।

सामुदायिक सेवाकेन्द्र जिल्ला समन्वय समिती कास्किका अध्यक्ष भिम पराजुलि भलिबल खेलको विकासमा वागमारा युवा संगम समुहको योगदान अतुलनीय रहेको बताए । उनले प्रदेशमा विभिन्न खेलकुदका गतिविधि निरन्तर गर्नका लागि जिल्ला समन्वय समितीले सधैं अभिभावकीय भूमिका खेल्ने बताए । संस्थाका अध्यक्ष महेश अर्यालले संस्कृतिको जगेर्ना एवं खेलकुदको विकास गर्ने उद्देश्यले विषम परिस्थितिबीच पनि महोत्सव आयोजना गरिएको बताए । उनको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सह सचिव सन्देश अधिकारीले गरेका थिए । कार्यक्रम सञ्चालन श्रीधर आचार्यले गरेका थिए । महोत्सवको मुख्य आकर्षण खुल्ला जुनियर पुरुष भलिवल प्रतियोगिता तथा तिज गीत प्रतियोगिता रहेको थियो । खुला तीज गीत प्रतियोगितामा ५ टिमले भाग लिएको निर्णायक संयोजक गौमाया हिताङ बताइन । सदस्यमा लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेश अनुशासन विभाग प्रमुख राम प्रसाद ढकाल रहेका थिए ।

# संविधान निर्माणमा नेम्वाङको भूमिका भुल्न सकिँदैन : एमाले उपाध्यक्ष शाक्य

**पोखरापत्र संवाददाता**
पोखरा, २ असोज

नेकपा (एमाले) उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले नेपालको संविधान निर्माणदेखि जारी गर्दासम्म सुवास नेम्वाङको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभएको छ ।

गण्डकी प्रदेश कमिटीद्वारा आज पोखरामा आयोजित 'नेपालको संविधान निर्माणमा सुवासचन्द्र नेम्वाङ' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै उहाँले स्पष्ट अडान, सिष्ट र अन्य पार्टीका नेतालाई समेत सन्तुलनमा राख्नसक्ने नेम्वाङको निधनले पार्टीलाई ठूलो क्षति पुगेको बताउनुभयो । सङ्घीय लोकतन्त्रलाई बलियो बनाउन लोकतन्त्रवादी पार्टी एकजुट भएर अगाडि बढ्न जरुरी भएको बताउँदै उपाध्यक्ष शाक्यले निषेधको राजनीतिले समाजवादको लक्ष्य प्राप्त गर्न नसकिने बताउनुभयो । "देश बनाउनका लागि लोकतान्त्रिक पार्टी एकजुट भएर अगाडि बढ्नुको विकल्प छैन, हामीले बनाउन सकेनौँ भने देशमा अस्थीरता पैदा हुन्छ," उहाँले भन्नुभयो । प्रदेश कानुन र संविधान कार्यान्वयनका साझा मुद्दा समाधान गर्न निषेधको राजनीतिले अवरोध सिर्जना गर्ने भनाइ उहाँको छ । त्यस्तै एमाले सचिव गोकर्ण विष्टले धैर्यवान, सोचविचार गरेर बोल्ने, शान्त स्वभाव र विद्वान सुवासचन्द्र नेम्वाङको निधनले पार्टीलाई अतुलनीय क्षति मात्र हैन, उहाँजस्तो नेता पाउन मुस्किल पर्ने बताउनुभयो । सबै पार्टीलाई मिलाएर अन्तिम अवस्थामा संविधान जारी गरेर नेपाली जनताको लोकतान्त्रिक आन्दोलनलाई सफल पार्ने नेम्वाङको बाटो एमालले अगाल्नुपर्नेमा उहाँको जोड थियो । एमाले स्थायी कमिटी सदस्य किरण गुरुङले सङ्घीय लोकतान्त्रिक गणतन्त्रमाथि आक्रमण भइरहेको अवस्थामा लोकतान्त्रिक पार्टीहरु एकजुट भएर गणतन्त्रलाई बलियो बनाउनेपर्ने भनाइ राख्नुभयो । पछिल्लो समय राजावादीको नाउँमा राप्रपाले लोकतन्त्रमाथि आक्रमण गरेको आरोप पनि उहाँको थियो ।

एमालेका स्थायी कमिटी सदस्य एवं गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले देशविदेशबाट दबाब सिर्जना भइरहँदासमेत अन्तिम घडीमा संविधान जारी गरेर नेपाली जनताको भविष्य उज्वल पार्ने नेता सुवासचन्द्र नेम्वाङलाई सधैँभरि सम्झनुपर्नेमा जोड दिनुभयो ।

# उन्नाइसौँ एशियाली खेलमा सहभागी हुने एपिएफका खेलाडीको बिदाइ

**रासस**
काठमाडौं, २ असोज

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले '१९औँ एशियाली खलकुद प्रतियोगिता'अन्तर्गत महिला ह्याण्डबलमा सहभागी हुने खेलाडी, प्रशिक्षक र अफिसियललगायत बक्सिङ खेलमा सहभागि हुने खेलाडीहरुलाई आज बिदाइ गर्नुभएको छ ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक काठमाडौँमा आज आयोजित एक समारोहका बीच उहाँले खेलाडीहरुलाई बिदाइ गर्नुभएको हो । यही सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म चीनको हाङ्गझाओ सहरमा सञ्चालन हुने एशियाली खेलकुद प्रतियोगिताअन्तर्गत महिला ह्याण्डबलतर्फ क्याप्टेन बन्दना राईसहित १६ जना र बक्सिङ खेलमा सहभागी हुने एपिएफका चार जना खेलाडी तथा प्रशिक्षक र अफिसियल गरी जम्मा २३ जनालाई बिदाइ गरिएको हो ।

सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले खेलकुदले व्यक्तिगत विकासमा टेवा पुऱ्याउने मात्र नभई समग्र राष्ट्रकोसमेत पहिचान झल्काउने भएकाले सहभागी सम्पूर्ण खेलाडीबाट अनुशासित तवरले खेल प्रदर्शन गर्न आग्रह गर्नुभयो । उहाँले राष्ट्र र समग्र जनताले खेलाडीबाट उत्कृष्ट नतिजाको अपेक्षा राखेको पनि बताउनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेल, चन्द्रप्रकाश गौतम र वंशीराज दाहाललगायत सशस्त्र प्रहरी बल नेपालका वरिष्ठ अधिकृत, नेपाल ह्याण्ड बल सङ्घका अध्यक्ष विश्व वम मल्ल तथा सङ्घका अन्य पदाधिकारीकोसमेत उपस्थिति रहेको थियो ।

## संविधान ...

गरेको बताउनुभयो । अध्यक्ष ओलीले संविधानमा निर्माणमा नेम्वाङको पदचिह्न, योगदान, दिशानिर्देशबारे पार्टीमा छलफल गर्ने बताउनुभयो ।

अध्यक्ष ओलीले सबै पार्टी मिलेर देशको समस्या समाधान गर्न एकजुट हुनुपर्ने बताउनुभयो । "आज सबै पार्टी र पक्ष मिलेर देशको समस्या समाधान गर्न एकजुट हुनुपर्ने परिस्थिति आएको छ । नत्र भने धेरै प्रकारका खतराबाट हामी जेलिने छौँ", उहाँले भन्नुभयो, "त्यसमा पनि प्रमुख राजनीतिक दलको कर्तव्य हो । साँच्चै देशप्रति प्रमुख राजनीतिक दल जिम्मेवार हुनुपर्दछ ।" प्रमुख राजनीतिक दलहरू जमानी बसेर धेरै आन्दोलन र बलिदान भएको उल्लेख गर्दै बलिदान प्राप्त उपलब्धिलाई गुम्न दिन नहुने उहाँको भनाइ छ । उहाँले आन्दोलन र बलिदानबाट प्राप्त भएको उपलब्धिको रक्षा गर्दै अगाडि बढ्नुपर्ने बेला आएको धारणा व्यक्त गर्नुभयो । देशको भूमि, सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हितको रक्षा गर्न पनि एमाले प्रतिबद्ध रहेको बताउनुभयो । "देशको राष्ट्रिय हित खलबलिदिन नदिने भन्दै भावनात्मक रूपमा अरुको स्वार्थका लागि हाम्रा देशमा जनतालाई पारस्परिक घृणा फैलाउन, मारकाट मच्चाउन र हिंसा भडकाउने खालका क्रियाकलाप एमालेलाई स्वीकार्य छैन । यस्तो कार्य रोक्न एमाले अघि बढ्ने छ", उहाँले भन्नुभयो । अध्यक्ष ओलीले राष्ट्रिय एकताबाट मात्र देशमा शान्ति सुव्यवस्था, सुशासन र विकास हुने बताउनुभयो । उहाँले राष्ट्रिय राजनीति कसैलाई सिध्याउने प्रतिशोधमा भइरहेको भन्दै अहिलेको आवश्यकता त्यसो नभई प्राप्त गरेको उपलब्धिको रक्षा रहेको बताउनुभयो ।


## नेपालको संविधानका विशेषता


- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता,
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवादउन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# अझै खुलेनन् ग्रामीण सडक

**रासस**
बागलुङ, २ असोज

तीन महिनादेखि बन्द भएका ग्रामीण सडक अझै खुल्न सकेका छैनन् । बाढी र पहिराले अवरुद्ध बनेका सडक अहिलेसम्म सञ्चालन नहुँदा चाड पर्वका लागि सामान ढुवानीमा समस्या भएको छ । जिल्ला सदरमुकाम बागलुङ बजार तथा आसपासका व्यापारिक केन्द्रदेखि गाउँ-गाउँ जोडिएका सडक गत असारदेखि नै बन्द भएका हुन् ।

ठूलो वर्षा हुन रोकिए पनि सडक सञ्चालन नहुँदा सामान ढुवानी र यात्रा गर्न समस्या भएको बडिगाड गाउँपालिकाका तिलबहादुर घर्तीमगरले बताउनुभयो । चाडपर्व सुरु हुँदा पनि गाउँपालिकाले सडक खुलाउन चासो नदेखाएकाले बजारबाट सामान ढुवानी गर्न नसकिएको उहाँको गुनासो थियो । "यस वर्ष पोहोर परार सालको जस्तो ठूलो वर्षा भएको छैन तर पनि बजारबाट आउने मोटरबाटोको धेरै ठाउँमा पहिरोले सडक ठप्प भएका छन्, सडक कहिले खुलाउँछन् थाहा छैन, तीजपछि दसैँ र तिहार पनि आउन थाले," तिलबहादुरले भन्नुभयो, "बर्खाभरि घरमा भएका सबै सामान सकियो, बजारबाट बोकेर ल्याउनुपर्छ, गाडी चले त एक/दुई घण्टामै गाउँमै सामान आउँथ्यो, सडक कहिले खुल्ने हो थाहा छैन ।" बागलुङमा तीनवटा राष्ट्रिय सडक पर्छन् । राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्ग, कालीगण्डकी कोरिडोर र सालझण्डी-ढोरपाटन सडकले बागलुङमा विकासका थुप्रै सम्भावनाका ढोका खोले पनि लोकमार्गबाहेक अन्य मुख्य सडक बाह्रै महिना चल्दैनन् । कोरिडोर हिउँदमा चले पनि बर्खामा पूर्णरूपमा सञ्चालन हुन सकेको छैन । सालझण्डी-ढोरपाटन सडक भने अहिलेसम्म सिधा सञ्चालन हुन सकेको छैन । बरेङ गाउँपालिकाका अधिकांश ग्रामीण सडक बर्खाका कारण बन्द छन् । सडक सञ्चालन नहुँदा खाद्यान्न ढुवानी गर्न र बिरामीलाई तत्काल उद्धार गरी अस्पताल पुर्याउन समस्या भएको स्थानीयवासी वीरबहादुर विकले बताउनुभयो । उहाँले गाउँमा सडक आए पनि बर्खामा गाडी नचल्दा स्थानीयवासीले सास्ती खेप्नु परेको गुनासो गर्नुभयो । अघिल्लो वर्षको जस्तो यस वर्ष धेरै सडकमा क्षति नभएधकाले पालिकाले केही ठाउँका पहिरो पन्छाए सहज रूपमा गाडी चल्ने गराउनुपर्नेमा बीरबहादुरले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "गाडी नचल्दा सबैभन्दा समस्या त गाउँमा कोही बिरामी हुँदा हुँदोरैछ, अस्पताल लगिहाल्न पर्ने बिरामी बाटो बन्द भएको हुँदा बोकेरै लैजानु पर्छ, बोकेर लैजाँदा समयमै अस्पातल पुर्याउन नसक्दा दुःखद घटना हुने गर्छ, सरकारले बाह्रै महिना बाटो चलाउने गरी काम गर्नुपर्छ ।" बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले पहिरोले अवरुद्ध सडक अब तत्काल खुलाउने बताउनुभयो । पालिकाका अधिकांश सडक सञ्चालनमा रहेको भन्दै उहाँले केही ग्रामीण सडक अवरुद्ध रहेकाले खुलाउनका लागि बजेटको व्यवस्था गरिसकेको र केही दिनमै काम सुरु हुने बताउनुभयो । "बर्खाका कारण केही गाउँ जोडिएका सडकहरू ठप्प छन्, अहिले सञ्चालनमा रहेका सडक पनि अप्ठ्यारा छन्, पालिकाभरिका सबै सडक खुलाउन बजेटको व्यवस्था गिरेका छौँ", अध्यक्ष अधिकारीले भन्नुभयो, "मौसम हेरिराखेका छौँ, बर्खा केही कम भएको छ, अब सडक खुलाउँछौँ, यति बेला खुलाइसक्थ्यौँ, फेरि पहिराले पुर्यो भने खर्च बढी हुने हुँदा अब बल्ल खुलाउने तयारीमा छौँ ।"



पञ्चमी पूजाः
कास्कीको पोखरास्थित विन्ध्यवासिनी मन्दिरमा मङ्गलबार सामूहिक रुपमा ऋषिपञ्चमीको पूजा गर्दै महिलाहरु । तस्बिर : कृष्ण दवाडी/रासस

# शिक्षा दिवसमा पुरस्कृत हुने क्याम्पस, विद्यालय र शिक्षकको नाम सार्वजनिक

**रासस**
काठमाडौं २ असोज

राष्ट्रिय शिक्षा दिवस, २०८० का अवसरमा मंगलबार पुरस्कृत हुने उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी, प्राध्यापक, प्रिन्सिपल लगायतको नामावली सार्वजनिक भएको छ ।

'नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कारसम्बन्धी निर्देशिका, २०७७' बमोजिम दिवसको मूल समारोह समितिको पुरस्कार छनोट समितिको सिफारिसमा एक सय ७७ जनाको नामावली सार्वजनिक भएको हो । आज आयोजना हुने कार्यक्रममा कार्यवाहक प्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले ती पुरस्कार प्रदान गर्नुहुनेछ ।

पुरस्कृत हुनेमा विसं २०७९ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसइई) मा उत्कृष्टताका आधारमा सामुदायिक (सार्वजनिक) विद्यालयतर्फ सिन्धुलीको कमला मावि, दुधौलीलाई राष्ट्रिय शिल्ड, ध्वजा र नगदसहित रु तीन लाख, द्वितीय हुने सिन्धुलीकै कमला मावि, कमलामाईले रु दुई लाख र तृतीय हुने सल्यानको नारायण मावि, कुमाखलाई रु एक लाख राशिको पुरस्कार प्रदान गरिनेछ ।र

निजी (संस्थागत) विद्यालयतर्फ राष्ट्रियस्तरमा प्रथम भई ललितपुरको प्रसादी एकेडेमीले रु तीन लाख, द्वितीय हुने भई काठमाडौँको सेन्ट जेभियर्स कलेजले रु दुई लाख र तृतीय भई काठमाडौँकै बूढानीलकण्ठ स्कुलले रु एक लाख प्राप्त गर्नेछ । प्राविधिक विद्यालयतर्फ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सिफारिसका आधारमा रुपन्देहीको कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, मोरङको मनमोहन मेमोरियल पोलिटेक्निक, झापको लाइफलाइन अस्पताल प्रालि र मोरङको आदर्श माविले प्रतिसंस्था रु एक/एक लाखको पुरस्कार प्राप्त गर्नेछन् । उत्कृष्ट क्याम्पसतर्फ विश्वविद्यालय अनुदान आयोगको मूल्याङ्कनका आधारमा आङ्गिक क्याम्पसमध्ये ललितपुरको पुल्चोक क्याम्पस, सामुदायिकतर्फ रुपन्देहीको लुम्बिनी वाणिज्य क्याम्पस, निजीतर्फ काठमाडौँको काठमाडौँ मोडेल कलेजले प्रतिसंस्था रु दुई लाख ५० हजार राशिको पुरस्कार पाउँदैछन् ।

यसै वर्षदेखि स्थापना गरिएको समाजकल्याण शिक्षा पुरस्कार भक्तपुरको एसओएस बालग्राम, सुर्खेतको कोपिला भ्याली सेवा समाज र काठमाडौँको माला खरेल, बाल सारथी एकेडेमीलाई प्रतिसंस्था रु तीन लाखका दरले पुरस्कार प्रदान गरिनेछ । सडक बालबालिका, एचआइभी एड्स सङ्क्रमितका सन्तान, अशक्त तथा असहाय बालबालिकालाई पालनपोषणसहित शिक्षा प्रदान गरी राष्ट्रियस्तरमा उल्लेखनीय योगदान दिएका व्यक्ति र संस्थालाई यो पुरस्कार दिइन्छ ।

'समावेशी र सीपमूलक शिक्षा : स्वदेशमै युवा राष्ट्रको इच्छा' भन्ने आदर्श वाक्यका साथ आज दिवस मनाइँदैछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दिवस मनाउन शिक्षामन्त्री अशोकमुर राईका संयोजकत्वमा मूल समारोह समिति गठन भएको छ । स्वदेश र विदेशका विश्वविद्यालयबाट विभिन्न विषयमा विद्यावारिधि उपाधि प्राप्त सात सय ९० लाई 'क', स्नातकोत्तर तहमा आफ्नो विधामा सर्वोत्कृष्ट हुने ७१ लाई 'ख' र स्नातक तहमा सर्वोत्कृष्ट हुने ४४ लाई 'ग' श्रेणीको पदक पाउनेको नामवाली पनि आजै सार्वजनिक भएको छ भने उक्त पदकपछि वितरण हुनेछ ।

नेपाल सरकारले संविधानको मौलिक हकको कार्यान्वयनका लागि 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' प्रमाणीकरण भएको मितिलाई आधार मानी गत जेठ ९ गतेको मन्त्रिपरिषद्को बैठकले यस वर्षदेखि हरेक असोज २ गते राष्ट्रिय शिक्षा दिवस मनाउने निर्णय गरेको हो ।

# घोषणामै सीमित क्रिकेट रङ्गशाला

**रासस**
पोखरा, २ असोज

एसिया कप खेलेर स्वदेश फर्कने क्रममा हालै नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहित पौडेलले भन्नुभएको थियो, "अब 'हाई टाइम' भइसक्यो, सरकारले क्रिकेटको इन्फास्ट्रक्चरमा लगानी गर्नुपर्छ ।" खेलाडीका बलमा नेपाली क्रिकेट जति अगाडि छ, पूर्वाधारमा उति नै पछाडि ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले मान्यता दिएको त्रिवि क्रिकेट मैदानमा 'फ्लड लाइट'समेत नहुनुले नेपालको खेल पूर्वाधार कतिसम्म कमजोर छ भन्ने देखाउँछ । क्रिकेटमा राज्यको लगानी र प्राथमिकताबारे बहस उठिरहँदा गण्डकी प्रदेश सरकारको क्रिकेट रङ्गशाला बनाउने योजना पनि घोषणामै सीमित बन्न पुगेको छ । पोखरा महानगरपालिका-३३ पशुपतिघाटमा अन्तरर्राष्ट्रियस्तरको क्रिकेट रङ्गशाला निर्माणको पहल विसं २०७१ देखि नै सुरु भएको थियो । प्रदेश सरकार बनेपछि त्यसलाई प्रदेश गौरवको आयोजनाका रुपमा समेटियो । लाखौँ खर्चेर रङ्गशालाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पनि तयार पारियो । तर, रङ्गशाला निर्माणको काम सुरु हुन सकेन । रेखदेख र संरक्षण नहुँदा रङ्गशालाको जग्गा नदी कटानको जोखिममा परेको छ । पशुपतिघाटमा रङ्गशाला बनाउने योजना अलपत्र छाडेर प्रदेश सरकार नयाँ जग्गाको खोजीमा लागेको छ ।

प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी श्रीप्रसाद अधिकारीले पशुपतिघाटमा रङ्गशालाको योजना दिगो हुने नदेखिएपछि निर्माणको काम अगाडि नबढेको बताउनुभयो । "सेती नदीले जग्गा कटान गरिरहेको छ, अन्तर्राष्ट्रिय मापदण्डको रङ्गशाला बनाउने ठाउँ जोखिमपूर्ण देखियो", उहाँले भन्नुभयो, "अन्यत्र ठाउँमा जग्गाको खोजी भइरहेको छ ।" चालु आवमा सो ठाउँमा रङ्गशाला निर्माणका लागि बजेट नछुट्टिएको उहाँले जानकारी दिनुभयो ।

गत आवमा जम्मा रु २० लाख विनियोजन भएकामा कामै नभई बजेट फिर्ता भएको थियो । नयाँ जग्गा प्राप्तिका लागि चालु आवमा रु ५० लाख बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ । गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले पशुपतिघाटमा अन्तरर्राष्ट्रिय क्रिकेट रङ्गशाला बनाउने योजनाबाट प्रदेश सरकार पछि हट्न खोजेको बताउनुभयो ।

"प्रदेश सरकारको लगानीमा क्रिकेट रङ्गशाला बनाउने घोषणा भएको हो, नीति, कार्यक्रममा पनि आयो, डिपिआर पनि बन्यो, तर अहिलेसम्म निर्माणको काम अगाडि बढ्न सकेन", उहाँले भन्नुभयो, "रङ्गशालाका लागि स्थानीयवासीले दिएको जग्गा यत्तिकै बेवारिसे जस्तो बनेको छ, संरक्षण नहुँदा नदीले कटान गरिरहेको छ ।" रङ्गशालाका लागि एक सय ७४ रोपनी जग्गा प्रदेश सरकारका नाममा भोगाधिकार आइसकेको अध्यक्ष सिग्देलले बताउनुभयो । "तटबन्धसहित जग्गा संरक्षण गर्ने हो भने पशुपतिघाटमै क्रिकेट मैदान बनाउन सम्भव छ, अन्यन्त्र निर्माण गर्ने भए पनि लगानीका लागि प्रदेश सरकार तयार रहनुपर्छ", उहाँले भन्नुभयो, "पोखरा उपत्यकाभित्रै अर्को जग्गा व्यवस्थापन गर्न सकिन्छ ।"

क्रिकेटको गन्तव्य सहरका रुपमा विकास गर्न पोखरामा अन्तर्राष्ट्रिय मापदण्डको रङ्गशाला चाहिने अध्यक्ष सिग्देलले बताउनुभयो । "पोखरा रङ्गशालामा भएको क्रिकेट मैदानलाई पनि स्तरोन्नति गर्नुपर्छ, अर्को वैकल्पिक रङ्गशाला पनि निर्माण भयो भने अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सकिन्छ", उहाँले भन्नुभयो, "काठमाडौँले मात्र अब नेपालको क्रिकेटलाई धान्दैन, पोखरालगायत सम्भावना बोकेका सहरलाई क्रिकेट गन्तव्यका रुपमा विकास गर्नु जरुरी छ, सरकारले पूर्वाधारमा लगानी बढाउनुपर्छ ।"

पशुपतिघाटमा निर्माण घोषणा गरिएको क्रिकेट रङ्गशालामा रु एक अर्ब ३६ करोड लागत लाग्ने अनुमान गरिएको थियो । विस्तृत परियोजना प्रतिवदेनमा १८ हजार दर्शक क्षमताको प्यारापिटसहित टि-२०, एक दिवसीय र टेस्ट म्याच खेल मिल्ने गरी पूर्वाधार तयार पारिने उल्लेख छ ।

रङ्गशालामा एक सय ३० भिभिआइपी सिट, एक हजार दुई भिआइपी र स्पेशल, नौ सय सिट क्षमताको खेलाडी कक्ष, एक सय क्षमताको मिडिया कक्ष बन्ने जनाइएको थियो । स्रोत जुटाएर तीन/चार वर्षभित्रमै रङ्गशाला निर्माण गर्ने प्रदेश सरकारको योजना थियो । प्रदेश खेलकुद परिषद्का सूचना अधिकारी तोपलाल भुसालले रङ्गशालाका लागि नयाँ जग्गा खोजी र पहिचान गर्न समिति गठन गरिएको बताउनुभयो । "परिषद्ले जिल्ला तहमा सम्भावित जग्गाको खोजी गरिरहेको छ, जग्गा व्यवस्थापन भएपछि रङ्गशाला निर्माणको काम अगाडि बढ्छ", उहाँले भन्नुभयो, "यसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र प्रदेश नीति तथा योजना आयोगले पनि चासो लिएको छ ।"

# आयोजनाको एक हजार एक सय मिटर सुरुङ निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ २ असोज

जिल्लाको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको विद्युत् गृहतर्फ एक हजार एक सय मिटर लामो सुरुङ निर्माण गरिएको छ ।

कूल एक हजार चार सय ५६ मिटर सुरुङमध्ये अब तीन सय ५६ मिटर दूरी खन्न बाँकी रहेको आयोजनाले जनाएको छ । निर्माणाधीन आयोजनाको समग्र भौतिक प्रगतितर्फ ४३ प्रतिशत काम सम्पन्न भइसकेको तनहुँ जलविद्युत् लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो । आयोजनाको प्याकेज-१ अन्तर्गत बाँध निर्माण कार्यको २५ प्रतिशत भौतिक प्रगति भएको उहाँले बताउनुभयो ।

उक्त प्याकेजको ठेक्का सोङ दा-कालिका जेभीले विसं २०७७ चैत ९ गते रु २१ अर्ब ६६ करोड ४० लाख ४१ हजार आठ सय ७८ मा सम्झौता गरेको थियो । प्याकेज-२ अन्तर्गत १,२ र ३ को विद्युत् गृह जाने सुरुङको सबै कार्य सम्पन्न भइसकेको छ । यस प्याकेजअन्तर्गत ६९ वटा विद्युत् टावरको जग राख्ने कार्य भइरहेको छ । वन नीतिका कारण अहिले विद्युत् टावर निर्माणमा समस्या भएको छ । उक्त प्याकेजको ४५ प्रतिशत भौतिक प्रगति भएको आयोजना प्रमुख राजाभाई शिल्पकारले जानकारी दिनुभयो ।

कूल ३४ दशमलव सात किलोमिटर प्रसारण लाइनमा ९४ वटा टावर राखिनेछ । हालसम्म करिब एक किलोमिटर प्रसारण लाइन जडान गरिएको आयोजनाले जनाएको छ । प्रसारण लाइनको सन् २०२२ मे सम्ममा सम्पन्न गर्ने लक्ष्य रहे पनि वन क्षेत्रमा रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ भएका कारण सन २०२४ डिसेम्बर १९ सम्म थप गरिएको छ ।

त्यसैगरी, आयोजनाको प्याकेज २ अन्तर्गत सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका कामको जिम्मेवारी सिनो हाइड्रोपावर लिमिटेडले पाएको छ । विसं २०७५ असोज १५ गते रु तीन अर्ब ८३ करोड १३ लाख ६० हजार तीन सय ६१ मा सम्झौता भएको थियो थियो । सिनो हाइड्रोपावर लिमिटेडले ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ५१ मिटर उचाइ भएको भूमिगृत विद्घृत् गृहको सुरुङ खन्ने कार्य सम्पन्न भएको आयोजनाले जनाएको छ । विद्युत् गृहको सुरुङ खन्ने काम सन् २०२० अगष्टदेखि सुरु भएको हो ।

त्यसैगरी प्याकेज ३ अन्तर्गत प्रसारण लाइन निर्माण भइरहेको छ । उक्त प्याकेजको कामका लागि केइसीसँग सन् २०१८ डिसेम्बर २५ मा सम्झौता भएको थियो । उक्त प्याकेजको ६९ प्रतिशत भौतिक प्रगति भएको आयोजनाले जनाएको छ ।

# क्यान्सरविरुद्धको खोप असोज ५ गतेसम्म जारी रहने

**रासस**
काठमाडौं २ असोज

किशोरीलाई लगाइने पाठेघरकोमुखकोक्यान्सरविरुद्धको खोप 'एचपिभी' अभियानको समयावधि थप गरिएको छ ।

खोप अभियान यही असोज ५ गतेसम्म सञ्चालन हुने स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "लक्षित किशोरीलाई खोप लगाउनका बाँकी रहेकाले समय थप गरिएको हो ।"

गत भदौ २९ गते बाल दिवस, भदौ ३० गते शनिबार र आइतबार असोज १ गते हरितालिका तीज लगातार बिदा परेकाले विद्यालय बन्दले गर्दा किशोरी खोप लगाउन न्यून सङ्ख्यामा आएको उहाँको भनाइ छ । उहाँका अनुसार लक्षित किशोरीमध्ये ४० प्रतिशतले खोप लगाएको बताउनुभयो ।

सरकारले पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको खोप 'एचपिभी' नौ हजार नौ सय ९९ किशोरीलाई लगाउने लक्ष्य राखिएको छ । गत भदौ २७ गते सात प्रदेशका सातवटै अस्पतालबाट १४ वर्ष उमेर पूरा भई १५ वर्ष नकटेका किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि एचपिभी खोप 'डेमोस्ट्रेसन'का रूपमा सञ्चालन गरिएको छ ।

मन्त्रालयले सवै किशोरीका अभिभावकलाई खोप लगाउनका लागि खोप केन्द्रमा लैजान आग्रह गरेको छ । खोप २०६५ भदौ ३० देखि २०६६ भदौ २० सम्म जन्मेका किशोरीलाई दिइने छ ।

शाखाका प्रमुख डा गौतमले महिलाका पाठेघरको मुखमा हुने क्यान्सरबाट बचाउनका लागि खोप दिइएको बताउनुभयो । सरकारले गत भदौ २७ गतेबाट कोशीप्रदेशको कोशी अस्पताल, मधेस प्रदेशको वीरगन्जस्थित नारायणी अस्पताल, बागमती प्रदेशको परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, गण्डकी प्रदेशको गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशको भेरी अस्पताल बाँके, कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेत र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालमा एचपिभी खोप उपलब्ध रहेको छ । खोप पहिलो मात्रा दिइने र छ महिनापछि दोस्रो मात्रा दिइने छ ।

एचपिभी खोप दुई मात्रा लगाएपछि पाठेघरको मुखमा हुने क्यान्सरको सङ्क्रमण ९५ प्रतिशत सुरक्षा प्रदान गर्ने बताइएको छ । यसअघि सरकारले सन् २०१६-१७ मा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप नमूनाका रूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो ।

असुरक्षित यौन सम्पर्क, धुमपान र सानै उमेरमा विवाह गर्नेजस्ता कारणले पाठेघरको मुखमा क्यान्सर हुने जनाइएको छ ।